मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
Mahadevsthan

०११-४१२१११२
०११-४१२११३
०११-४१२११४
काभ्रेपलान्चोक
Kavrepalanchowk
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


प.सं : ०७७/०७८

च.नं. ६८०

मिति : २०७७/०८/२६

## अत्यन्त जरुरी सूचना ।

संसारभर फैलिएको कोरोनो भाइरस (Covid-19) को बढ्दो संक्रमणका कारण यस नगरपालिकामा पनि दिन प्रतिदिन संक्रमित हुने व्यक्तिको संख्या बृद्धि भइरहेको छ । विगत दिनहरुमा समेत अत्यावश्यक काममा वाहेक मानिसहरु भेला हुन, जमघट गर्न, मेला तथा साँस्कृतिक कार्यक्रम र पर्व उत्सवहरुमा जमघट नगर्न नगराउन नगरपालिकावाट सूचना जारी भइरहेको व्यहोरा विदितै छ । यसै सन्दर्भमा मितिः २०७७ मंसिर २८ गते बालाचतुर्दशी पर्व परेको र विगत वर्षहरुमा यस नगरपालिकाको महादेवस्थान मन्दिर लगायतका महादेव मन्दिरहरुमा अघिल्लो दिन साँझदेखि नै मानिसहरु जमघट हुने, मेला उत्सव मनाउने, बत्ती बालेर रातभर जाग्राम बस्ने, भिडभाड हुने गरेको हुँदा यस वर्ष कोरोना भाइरसको संक्रमणवाट आम नागरिकहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर राखी मितिः २०७७/०८/२६ गतेको नगर कार्यपालिकाको बैठकले नियमित पूजा बाहेकका मेला पर्व, उत्सव नगर्ने, जाग्राम तथा बत्ती बाल्ने निहुँमा भेला नगर्न नगराउन, व्यापार, पसल लगायतका कार्यहरु नगर्न नगराउन, भिडभाड नगर्न नगराउन तथा रात्रीकालीन कुनै पनि कार्यहरु नगर्न र मेला नलगाउन सूचना जारी गर्ने निर्णय गरेको हुँदा उल्लेखित कार्यहरु नगर्न नगराउन हुन सूचित गरिन्छ । यस सूचनालाई बेवास्ता गरी उल्लेखित कार्यहरु गरे गराएमा संक्रामक रोग ऐन २०२० अनुसार कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

(निर्मला शाही)
का.वा.नगर प्रमुख